## अनलाइन पत्रिकाको सम्पादक परिवर्तनका लागि आवश्यक कागजातहरुः

१. संस्थाको लेटरप्याडमा बनाएको निवेदन,
२. पहिलेको सम्पादकको राजिनामा पत्र,
३. माइन्यूटको प्रतिलिपि (सम्पादकको राजिनामा स्वीकृत गर्ने र नयाँ सम्पादक नियुक्तिको निर्णय भएको),
४. सम्पादकको नियुक्ति पत्र,
५. सम्पादकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
६. सम्पादकको शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि (एसएलसी देखि स्नातक तहसम्मका Character Certificate सहित सबै प्रतिलिपिहरुमा सम्पादकले सक्कल बमोजिम नक्कल सही छ भनि प्रमाणित गरेको),
७. अनलाइन दर्ता प्रमाणपत्र,

## अनलाइन पत्रिकाको कम्पनीको नाम परिवर्तनका लागि आवश्यक कागजातहरुः-

१. हालको मितिसम्म पुरानै कम्पनीबाट अनलाइन नवीकरण भएको हुनुपर्दछ ।
२. नयाँ कम्पनीको लेटरप्याडमा निवेदन,
३. अनलाइन हस्तान्तरण गर्ने र कम्पनीबाट सञ्चालित अनलाइन ...... हस्तान्तरण हुने बारे राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ३ वटा सार्वजनिक सूचना प्रकाशन गर्ने पुरानो कम्पनीको माइन्यूट र सबै सञ्चालकहरुको नागरिकताको प्रतिलिपि र domain किनबेच भएको देखिने कागजातहरु,
४. पुरानो कम्पनीबाट राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित ३ वटा सूचना,
५. सक्कल अनलाइन दर्ता प्रमाणपत्र,
६. र नयाँ कम्पनीको तर्फबाट नयाँ अनलाइन पत्रिका सञ्चालन गर्नका लागि आवश्यक चेकलिष्ट अनुसारका कागजातहरु,

## सूचनाको नमूना :-

"सूचना तथा प्रसारण विभागमा दर्ता नं...... मिति....... मा दर्ता रहेको.................(कम्पनीको नाम) द्वारा सञ्चालित www............ नामक अनलाइन पत्रिका यस कम्पनीबाट हस्तान्तरण हुने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति.........(१५ दिन) भित्र यस कम्पनीको ठेगाना........ ,सञ्चालकको मोवाइल नम्बर.......... वा email........ मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।"

## अनलाइन सञ्चारमाध्यम दर्ता खारेज गर्नका लागि आवश्यक कागजातहरुः-

१. दर्ता खारेज गर्नुपर्ने कारणसहित संस्थाको लेटरप्याडमा बनाएको निवेदन,
२. अनलाइन दर्ता खारेज गर्ने र सोको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ३ वटा १५ दिने सार्वजनिक सूचना निकाल्ने सञ्चालक समितिको माइन्यूट ,
३. पछिल्लो आ.व. को कम्पनी अद्यावधिक, कर चुक्ता विवरण र अडिट रिपोर्ट,
४. राष्ट्रिय दैनिक स्तरको पत्रिकामा प्रकाशित ३ वटा सूचना,
५. सूचना प्रकाशित भएको १५ दिनपछि पुनः कुनै उजुरी नपरेको वा परेका उजुरी फछ्यौट भएको माइन्यूट,
६. अनलाइन दर्ता प्रमाणपत्र,

## अनलाइनको दर्ता खारेज सम्बन्धी सूचनाको नमूनाः-

"सूचना तथा प्रसारण विभागमा दर्ता नं...... मिति....... मा दर्ता रहेको.................(कम्पनीको नाम) द्वारा सञ्चालित www............ नामक अनलाइन पत्रिकाको दर्ता खारेज गरिने हुने हुँदा यस अनलाइनसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति.........(१५ दिन) भित्र यस कम्पनीको ठेगाना........ ,सञ्चालकको मोवाइल नम्बर.......... वा email........ मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।"

**सूचना तथा प्रसारण विभाग**

**सञ्चारग्राम, काठमाडौं ।**